STUDY JAPAN
६ महिना tuition fees & Hostel
गरि रू.492960।- मात्रमा प्रोसेस गर्न सकिने
Intake: October/Jan
⟡Free NAT/JLPT classes ⟡Pay after visa
⟡100% Part Time Job support ⟡Full support in Japan
⟡+12 & above can apply ⟡Scholarship available
⟡Translation & Documentation ⟡NAT/JLPT not required
⟡School & Location of your Choice
⟡NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware को)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily

वैदेशिक रोजगारमा जाँदा स्वीकृत निकायमार्फत नेपाल सरकारबाट सूचिकृत मुलुकहरुमा मात्र जाऔं ।
नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

○वर्ष ५ ○अंक २८५ ○श्रेणी 'क' ○२०७१ साउन ११ गते आइतबार ○ 27 July, 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-

प्रधानमन्त्री कोइराला र भारतीय विदेशमन्त्री सुष्मा स्वराजबीच भेतवार्ता

'नेपालको विकासमा भारतको सहयोग आवश्यक'

⟡गोल्डेन न्यूज संवाददाता
काठमाडौं १० साउन ।

प्रधानमन्त्री सुशिल कोइरालाले नेपालको चौतर्फी विकासमा भारतको सहयोग, सद्भाव र समर्थन अपरिहार्य भएको बताएका छन् । नेपालको दुईदिने औपचारिक भ्रमणमा रहेकी भारतीय विदेशमन्त्री सुष्मा स्वराजसँग बालुवाटार स्थित प्रधानमन्त्री निवासमा भएको भेटवार्तामा प्रधानमन्त्री कोइरालाले नेपाल शान्ति, स्थायित्व, लोकतन्त्र र विकासको पथमा अगसर भएकाले त्यसमा भारतको सहयोग आवश्यक भएको बताए । निर्धारित समयमा लोकतान्त्रिक एवम् समावेशी संविधान जारी हुने बताउँदै त्यसपछि उनले नेपालको समग्र आर्थिक-सामाजिक उन्नयनका निम्ति सरकारले अघि बढाउने विकास-निर्माणका काममा सक्दो सहयोग गर्न भारतसँग आग्रह गर्नुभएको प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार डा दिनेश भट्टराईले जानकारी दिए । अत्यन्त मैत्री एवम् सदभावपूर्ण वातावरण मा भएको उक्त भेटवार्तामा प्रधानमन्त्रीले मोदी सरकारले छिमेकी मुलुकप्रति अवलम्बन गरेको 'छिमेक नीति' को स्वागत गर्दै आफ्नो निमन्त्रणालाई स्वीकार गरी नेपाल भ्रमण गर्ने घोषणा गर्नुभएकामा भारतीय प्रधानमन्त्रीप्रति आभार व्यक्त गर्नुभएको उनले बताए । सल्लाहकार डा भट्टराईका अनुसार भारतीय विदेशमन्त्रीको भ्रमणबाट दुई देशबीचको सम्बन्धमा नयाँ अध्याय प्रारम्भ भएको र त्यसलाई

प्रधानमन्त्री नरेन्द्र मोदीको आसन्न भ्रमण अझ प्रगाढ एवम् सुदृढ तुल्याउनमा आफू विश्वस्त रहेको प्रधानमन्त्री कोइरालाले बताए ।

विदेशमन्त्री स्वराजले आफू भारत र त्यहाँका जनताका तर्फबाट नेपाल र नेपालीप्रति सदभाव र मैत्रीको सन्देश लिएर यहाँ आएको बताउँदै प्रधानमन्त्री कोइरालाको स्वास्थ्यलाभको कामना गर्नुभएको जानकारी पनि डा भट्टराईले दिए । "नयाँ सरकार बनेको यति छोटो अवधिमा भएको आफ्नो भ्रमणले नेपालले भारतबाट प्राप्त गरेको प्राथमिकता र महत्ता प्रस्ट हुन्छ"- भारतीय विदेशमन्त्रीको भनाइ उद्धृत गर्दै सल्लाहकार डा भट्टराईले भने ।

भेटका अवसरमा यहाँ जारी नेपाल-भारत संयुक्त आयोगको तेस्रो बैठकबारे विचारविमर्श भए पनि विषयगत रुपमा केही कुरा नभएको उनले स्पष्ट गरे । आयोगका कामकारबाही एवम् निर्णयबारे भने चर्चा नभएको पनि उनले बताए । प्रधानमन्त्रीको आगहलाई सकारात्मक रुपमा ग्रहण गर्दै भारतीय विदेशमन्त्रीले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको सल्लाहकार डा भट्टराईको कथन थियो । भारतीय जनता पार्टीका नेता नरेन्द्रदामोदरदास मोदीको नेतृत्वमा नयाँ सरकार गठन भएको ठ्याक्कै दुई महिना पुगेके दिन प्रधानमन्त्री कोइरालासँग भेटवार्ता गर्न पाएकामा खुसी व्यक्त गर्दै भारतीय विदेशमन्त्रीले तत्कालीन प्रधानमन्त्री अटलबिहारी बाजपेयीको सरकारको कार्यकालमा प्रारम्भ भएको शान्तिप्रक्रिया वर्तमान सरकारको पालामा टुङ्गिनेमा विश्वास व्यक्त गर्नुभएको सल्लाहकार डा भट्टराईले बताए । भेटवार्तामा भारतका विदेश सचिव सुजाथा सिंह, आर्थिक सहयोग सम्बन्धी सचिव सुजाता मेहता, नेपालका लागि भारतीय राजदूत रञ्जित रे, परराष्ट्र मन्त्रालयका निमित्त सचिव शङ्करदास बैरागीलगायत दुवै मुलुकका परराष्ट्र मन्त्रालयका उच्च अधिकारीको उपस्थिति थियो ।

बाँकी ३ पृष्ठमा.....

स्वराजद्वारा गृहमन्त्री गौतमको अपमान !

नेपाल भ्रमणमा रहेकी भारतीय विदेशमन्त्री सुष्मा स्वराजले नेपालका उपप्रधानमन्त्री बामदेव गौतमको अपमान गरेकी छन् । विदेशमन्त्री स्वराजले उपप्रधानमन्त्री गौतमलाई भेटन बोलाएर पनि नभेटेर अपमानित गरेको काठमाण्डु दुडे अनलाइनमा खबर छ । सूत्रका अनुसार उपप्रधानमन्त्री गौतम र विदेशमन्त्री स्वराजबीच शनिवार अपराह्न ३ बजे राजधानीको होटल मल्लमा भेटघाटको कार्यक्रम तय गरिएको थियो । स्वराजलाई भेटन गौतम आधा घन्टाअघि नै दौरा सुरुवाल लगाएर होटल मल्ल पुगेका थिए । उनले त्यहाँ करिब एक घन्टासम्म स्वराजको व्यस्त प्रतिक्षा गरे । तर, स्वराज आइनन् । पछि खबर आयो, भेटघाटको कार्यक्रम रद्द भएको । स्वराजका तर्फबाट पछि मुसंद नभएकाले पछि भेटने सूचना एएपछि

पोखरामा तरकारीको मूल्य १० वर्षकै सस्तो

⟡गोल्डेन न्यूज संवाददाता
पोखरा १० साउन ।

पोखरामा विगत तीन वर्षमा तरकारीको मूल्यलाई हेर्दा तरकारीको मूल्य घट्दै गएको छ । पोखरामा थोक बिक्री गर्दै आएको कृषि उपज बजार संचालक समिति पोखराको तथ्याङ्क अनुसार साउन दोस्रो साताका तरकारीको मूल्य अहिले सम्मको सस्तो भएको हो । सबै भन्दा बढि मूल्य गोलभेडामा देखिएको छ । २०६९ सालमा ९० रुपैयाँ पर्ने गोलभेडा यस वर्ष ३० रुपैयाँ प्रतिकेजीमा पाइने छ । अघिल्लो वर्षमा बढेर एकसय २० रुपैयाँ भए पनि यस वर्ष स्वातै घटेको खबर सागरराज तिमिल्सिना ले गन्थन डटकममा लेखेका छन् । विसं.२०६९ सालमा दुईसय १० रुपैयाँ परेको केजी भेडे खुसीनीको यस वर्ष १ सय रुपैयामा नै पाइन्छ । त्यस पछि सबै भन्दा सिसीको मूल्यमा फरक देखिएको छ । ६९ मा १ सय २० रुपैयाँ पर्ने मिसी, ७० सालमा १ सय रुपैया छ भने अहिले ६० रुपैया केजि पाइन्छ । सागरले १० वटा तरकारी पसलमा गरको सर्वेषणमा २०६९ सालमा भन्दा सबै तरकारीको मूल्य यस वर्ष कम छ । अघिल्लो वर्ष गोलभेडामा बाहेक अन्य तरकारीमा पनि मूल्य घटेको देखिन्छ ।

अघिल्लो वर्ष भन्दा यस वर्ष बन्दा र गाजरमा सामान्य मात्रामा मूल्य बढेको तथ्याङ्कले देखिन्छ । होलसेल मूल्यको तरकारी यति भएमा बिक्रेताले २० देखि ५० प्रतिशतसम्म नाफा खाने गरेको होल्सेल व्यापारीहरु बताउँछन् । नेपाल सरकारले २० प्रतिशत भन्दा बढि नाफा लिनुलाई गैरकानुनी भन्दै आएको छ । नेपाल मै तकारी उत्पान बढ्दै गएका कारण तरकारीको मूल्यमा कमि आएको

बाँकी अन्तिम पृष्ठमा.....

'राजा सहितको प्रजातन्त्र पुनस्थापना गर्न आन्दोलन आवयश्क'

⟡गोल्डेन न्यूज संवाददाता
पोखरा १० साउन ।

राप्रपा नेपालका महामन्त्री चन्द्र बहादुर गुरुङले राजा सहितको प्रजातन्त्र पुनर्स्थापनाका लागि आन्दोलन आवश्यक रहेको बताएका छन । राजनीतिक दलहरुले प्रजातन्त्र हटाएर लोकतन्त्र ल्याएको भएता पनि त्यसलाई संस्थागत गर्न नसकेकोले राजा सहितको प्रजातन्त्र अपरिहार्य रहेको गुरुङको भनाई छ ।

राप्पा नेपाल कास्कीले आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा बोल्दै महामन्त्री गुरुङले राप्पा नेपालले राजा सहितको प्रजातन्त्र स्थापनाका लागी राप्रपा नेपालले आन्दोलन गर्ने तयारी गरिरहेको बताए । राजनीतिक दलहरुले राजसंस्था र प्रजातन्त्रलाई हटाएर लोकतन्त्र ल्याएको भएतापनि लोकतन्त्रप्रति उत्तीहरुले वफादार हुन नसक्दा नेपाली

जनताले दुख भोग्नुपरेको बताउँदै राप्रपा नेपालको आन्दोलनमा नेपाली जनताले साथ दिने बताए ।

अहिलेको संविधान सभाबाट कुनैपनि हालतमा संविधान निर्माण हुने नसक्ने र कथं कदाचिद संविधान जारी भएर संविधानमा राजसंस्थाको बारेमा कुनैपनि बुंदा उल्लेख नगरे सशक्त आन्दोलन चर्काउने बताए ।

सरकारवादी दलहरु भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई बोलाइएको भएतापनि राप्रपा नेपाल संग कुनै सहकार्य नगरकोमा आक्रोश व्यक्त गर्दै महामन्त्री गुरुङले राजनीतिक दलहरुले मोदी राजसंस्थापति वफादार व्यक्ति भएको भन्दै शंका गर्नु नजायज भएको बताए । मोदीको भ्रमणबारे आफूहरु सकारात्मक भएतापनि सरकारवादी दलहरु शसंकित भएकाले यसले सरकारवादी दलहरुप्रति शंका उपशंका उत्पन्न भएको उनको भनाइ रहेको थियो । राप्रपा नेपाल कास्कीका अध्यक्ष जयलाल पुनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पार्टीका केन्द्रिय सदस्य कुल बहादुर गुरुङ कुलु, जिल्ला उपाध्यक्ष नेत्र बहादुर बस्नेत लगायतले बोलेका थिएभने कार्यक्रमको सञ्चालन पार्टी जिल्ला सचिव अर्जुनबहादुर बस्नेतले गरेका थिए ।

Study, Work & Live in
NEW ZEALAND
Intake June / Jully 2014
Why Study in New Zealand
- New Visa Policies
- High Visa Success Rate
- High Chances for PR
- IELTS: Not Required*
- Pay Tuition Fees after AIP
- Post Study Work Permit
- Part Time Job Allowed (20 Hrs/Week & FT in Holidays)
Min Req: +2/'A'Level/ GED or eqvl. IELTS: Optional Levels: 5,6,7
Why Royal Int'l Edu. Network ?
- Experienced Team
- One on One Counseling
- NZQA's Colleges
- Part Time Job Search Assistance
- Airport Pick Up Facilities
- Accommodation Arrangements & many more...
ROYAL INTERNATIONAL EDUCATION NETWORK PVT. LTD.
Pokhara office: 2nd Floor, Batas Malla Complex, Chipledhunga. 061 551041
E: info@royalien.com
W: www.royalien.com
Corporate Office: House # 134, Kushal Marga, Sukedhara, Kathmandu. T: 01 4015055
Available Courses
Business, Accounting, Culinary Arts, IT, Computing, Nursing, Pilot Training, Travel & Tourism, Cooking Training Hotel Management & many more...

"हाम्रो पोखरा, राम्रो पोखरा"
प्रत्येक आइतबार बिहान ७:३० बजे पछि सामुदायिक रेडियो सुनौलो एफ.एम. ५०२.२ मेगाहर्जमा प्रशारण हुने रेडियो कार्यक्रम हाम्रो पोखरा, राम्रो पोखरा अन्तर्गत आजको श्रृङ्खलामा पोखरा उपमहानगरपालिकाका वरिष्ठ अधिकृत ओमराज पौडेलसंग राजाराम पौडेलले गर्नुभएको विशेष कुराकानीलाई सुन्न नभुलौं ।
सुनौलो एफ.एम.१०३.९ मेघाहर्ज

Study in EUROPE (Cultural study)
DENMARK
. Schengen Visa Min. cost . NO IELTS/TOEFL
. SLC/+2 can apply . Easy processing
Study in JAPAN
निःशुल्क भाषा निःशुल्क प्रोसेसिङ्ग
IELTS/TOEFL
CAE class for alternate of IELTS
JAPANESE LANGUAGE
अंग्रेजी भाषा
PLATFORM
INT'L EDUCATION
Prithivi Chowk, Pokhara
Ph: 061-541104

जिरो प्वाइन्ट ट्राभल्स एण्ड टुर्स प्रा.लि.
Zero Point Travels & Tour (P.) Ltd.
Specially International Tickting & Domestice Ticket
अन्य सेवाहरु :
- Internation & Domestice Hotel Booking
- Helicopter Charter
- Touriest Bus Ticket and other Travels.
Mr Chetan Karki
Zero Point Travels & Tours (P.) Ltd.
Nagdhunga, Pokhara-9, Nepal
Phone : +97761-526004, 9856031455, 9846065544
Fax : +97761-526004
Email : zeropointtravels@yahoo.com
Travelzeropoint@gmail.com
Website : www.zeropointravel.com.np

टुबोर्ग गुँह जात्रा २०७१
दिपेन्द्र सभा गृह, सभा गृह चोक, पोखरा
साउन १६ देखि साउन १९, २०७१
समय: बेलुकी ५:३० बजे
टिकट दर
रु. १५००/- रु. १०००/- रु. ५००/- र रु. ३००/-
टिकट पाइने स्थानहरु पोखरा:
TUBORG GOLD
Powered By Red Bull
खोलो TUBORG रमेर
TUBORG

■ परिश्रम गर्न र प्रतिक्षा गर्न सिक ।

- लङ्गफेलो

सम्पादकीय . .

राष्ट्रहितमा गम्भीर बन्न जरुरी

यतिबेला नेपाल भ्रमणमा रहेकी भारतीय विदेशमन्त्री सुष्मा स्वराजको निकै चर्चा छ भने केही दिनमा आउने प्रधानमन्त्री नरेन्द्रमोदीको पनि चर्चा शुरु भएको छ । खासगरी र नेपालको जलविद्युत विकीको सम्भौता र त्यसले नेपालमा पार्ने दूरगामी असरका बारेमा व्यापक चर्चा भएको हो । यसमा सरकार इतरका दलहरुबाहेक अन्य राजनीतिक दलहरुले संसद र संसदर बाहिर खुलेर चर्को विरोध गरेका छन् । प्रमुख प्रतिपक्ष दल एकीकृत नेकपाी माओवादीले विरोध गरेको भएपनि पछिल्लो समयमा उर्जा व्यापार गर्ने कुरामा सहमत देखिएको छ । विभिन्न दलहरुको विरोध र टिकाटिप्पणीका कारण नेपाल र भारत बीचको परराष्ट्रमन्त्री स्तरीय संयुक्त आयोगको बैठक २६ बुँदे सहमति गर्दै सम्पन्न भएको छ भने उर्जा व्यापार सम्भौता भने राजनीतिक सहमति नभई नगर्ने सहमति भएको छ । प्रत्यक्ष वर्ष हुनुपर्ने संयुक्त आयोगको बैठक २३ वर्ष पछि भएको हो । १९५० को सन्धिलाई पुनरावलोकन गर्न लगायतका २६ बुंदे सहमति भएको हो । देशलाई संघीय गणतन्त्रमा रूपान्तरित गर्ने कसरतमा रहेका राजनीतिक दलका नेताहरूले नेपालको सम्पूर्ण जलसम्पदा भारतको पोल्टामा हाल्ने षड्यन्त्र गरिरहेका विभिन्न क्षेत्रबाट आरोप लागिरहेको छ । भारतको सत्तामा जोसुकै आएपनि उसको पहिलो प्राथमिकतामा नेपालको जलसम्पदा नै पर्ने गरेको छ । भारतमा हालै सम्पन्न चुनावले भारतको राजनीतिमा उल्लेख्य परिवर्तन ल्याइदिएको भए पनि नेपालको जलसम्पदामा आफ्नो आधिपत्य जमाउने भारतीय चाहना सुरुमै प्रकट भएर आएको छ । यतिबेला माथिल्लो कर्णाली परियोजनालाई प्रमुख निसाना बनाइएको छ । नेपालका ऊर्जा सम्पत्तिका रूपमा रहेका नदीहरू भारतले आफ्नो पोल्टामा पार्ने प्रयास गरिरहेको छ । भारतले आफ्नो हितका निम्ति गर्न खोजे कुनै पनि कामले छिमेकीको हित गर्छ वा गर्दैन भनेर सोच्ने गरेको इतिहास छैन । यही कारणले गर्दा भारतले आफ्ना छिमेकी देशहरू कसैसँग पनि गाम्रो सम्बन्ध बनाउन सकेको छैन ।

भारतले पछिल्लोपटक नेपालसित ऊर्जा सम्भौता गर्न चाहेको चर्चाले व्यापकता पाएको छ यतिबेला । ऊर्जा सम्भौताका लागि भारतले गरेको प्रस्ताव निश्चय पनि भारतको हितमा हुनु स्वाभाविक हो । परन्तु नेपाल पक्षले नेपालको हितका निम्ति आफ्नो प्रस्ताव राख्न नसक्ने अवस्था किन सृजना भइरहन्छ ? नेपालका तर्फबाट नेपालका नदीहरू प्रयोग गरिंदा नेपालको हितलाई पहिलो प्राथमिकतामा राखेर छलफल गर्ने प्रयास गरिनुपर्नेमा भारतको प्रस्तावमा दस्तखत गर्न नेपालका राजनीतिक दलका नेताहरू किन हतार गरिरहन्छन् ? बुझिनसक्नु भएको छ । माथिल्लो कर्णाली परियोजनाबाट भारतीय कम्पनी जीएमआरले ९ सय मेगावाट बिजुली उत्पादन गर्ने सम्झौतामा नेपालपक्षले बाध्यतासाथ दस्तखत गर्नुपर्ने कारण के होला ? खोजीको विषय भएको छ । भारतले नेपाल-भारत ऊर्जा विकास सम्झौताका निम्ति नेपाललाई पठाएको गोप्य प्रस्तावको व्यापक विरोध भएको छ । माथिल्लो कर्णाली परियोजना स्थलभन्दा माथि र तल अन्य कुनै तेस्रो देशको प्रवेशलाई अनुमति नदिइने कुरा सम्झौतामा उल्लेख छ । यसरी नेपालको जलसम्पदामा भारतले आइनो अधिकार स्थापित गर्ने क्रममा नेपाललाई नै कंगाल बनाउने पड्यन्त्र गरिरहेको स्पष्ट हुन्छ ।

माथिल्लो कर्णाली परियोजनाबाट उत्पादित बिजुली नेपालमै प्रयोग गर्ने कि भारतलाई निर्यात गर्ने ? सात वर्षअघि नेपाल सरकार र भारतीय कम्पनी जीएमआरबीच भएको सम्झौताअनुसार बिजुली भारतमा निर्यात गर्ने प्रावधान छ । नेपाली बस्तीलाई अन्धकारमा डुबाएर त्यही बस्तीबाट उत्पादित बिजुली भारतमा निर्यात गरेर नेपालले के फाइदा लिने त ? फाइदा फुस्सा ! नेपालको नदीबाट भारतीय कम्पनीले उत्पादन गरेको बिजुलीको उपयोग भारतले गर्ने, त्यसबाट आएको मुनाफा भारतीय कम्पनीले पाउने अनि त्यसमा उत्पादन र निर्यात कर निर्धारण गर्दा ग्वाइन्ट ००१ प्रतिशतमा बढाउन नपाउने प्रावधान राखिएको छ । यस्तो सम्झौतामा दस्तखत गर्न नेपालपक्षलाई हतार किन भइरहेको हो ? नेपाली जनतालेसडकमा उत्रिएर नेपाल सरकारसँग प्रश्न गर्नुपर्ने भइसकेको छ । अब जति ढिलो गऱ्यो त्यति बढी नोक्सानी बेहोर्नुपर्ने बाध्यता नेपालले हुनेछ भन्ने कुरा सबैले बुझ्न जरुरी छ ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल श्रावण ११ गते आइतबार, तदनुसार जुलाई २७ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामक संवत्सरह, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । वर्षा ऋतु चल्दै छ । चान्द्रमान अनुसार श्रावणशुक्लपक्ष चलिरहेको छ । शौरमान अनुसार आज श्रावणशुक्लपक्षको प्रतिपदा तिथि ५८ घटि ५६ पला अर्थात राति ४ बजेर ५१ मिनेटसम्म त्यसउप्रान्त द्वितीया तिथि लाग्नेछ । आज सूर्य कर्कट राशिमा रहेको छ भने चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३३ घटि ४४ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर २५ मिनेटमा रौद्र मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ६ बजेर ५४ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : मानहानि हुन सक्नेछ, अनावश्यक भन्भट आइलाग्ने, मनपरेको खानमा अरुरोध हुने, दिन खराब रहनेछ ।

वृष : जोखिम कार्य सफल हुने, यात्रा फलदायी, तार्किक क्षमताको विकास, अध्ययनमा सफलता मिल्नेछ ।

मिथुन : स्वास्थ्यका एक्कासी समस्या देखा पर्ने, हतियारबाट कष्ट, विरोधी सक्रिय, नास्तिक विचार पलाउनेछ ।

कर्कट : यशकीर्ति बढ्ने, आफन्तबाट सहयोग, नवीन कार्यमा लगानी, व्यापारबाट पर्याप्त मुनाफा हुनेछ ।

सिंह : समस्यासंग संघर्ष, पेट रोगले पिरोल्ने सम्भावना, व्यापारमा गिरावट, अशुभ समाचार सुन्नुपर्ला ।

कन्या : कार्यमा व्यावधान आम्दानी घट्ने पारिवारिक किचलो, स्वास्थ्यमा ध्यन खर्च गर्नुपर्ने छ ।

तुला : रोजगारीबाट आत्मसन्तुष्टि मिल्नेछ, मित्रसंग भेटघाटको अवसर मिल्न सक्नेछ, सम्मानको अवसर ।

वृश्चिक : पारिवारिक सहयोग, उत्साह उमंग पलाउने, व्यापारबाट लाभ, वैयक्तिक प्रभाव बढ्नेछ, समय शुभ रहनेछ ।

धनु : मनमा अनावश्यक पीडा, अनावश्यक टकराव हुने, आर्थिक भार थपिने, आफन्तबाट धोका पाइनेछ ।

मकर : दुर्घटनाका भय, आफन्तसँग मनमुटाव, शारीरिक पीडा थपिने समय खराब छ, सतर्क हुनुहोला ।

कुम्भ : नयाँ ठाउँको अवलोकन, आरोग्य जीवनको उपभोग, विरोधीमार्फि विजयी, प्रतियोगितामा सफलता मिल्नेछ ।

मीन : एक्कासी आम्दानीमा वृद्धि, राज्यपक्षबाट सहयोग, प्रेम प्रसंग सफल, तार्किक क्षमताको विकास हुनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

प्राध्यापक संगठन पृथ्वीनारायण क्याम्पसमा उपाध्याय

गोल्डेन न्युज संवाददाता
पोखरा १० साउन ।

नेपाल राष्ट्रिय प्राध्यापक संगठन, पृथ्वीनारायण क्याम्पसको तेस्रो एकाइ भेला शनिवार पोखरामा सम्पन्न भएको छ । शनिवार सम्पन्न भेलाले यादवराज उपाध्यायको अध्यक्षतामा १३ सदस्यीय एकाइ समिति गठन गरेको छ । समितिको उपाध्यक्षमा ताराराज खनाल, सचिव चन्द्रमणि आचार्य, सह.सचिव नविन अधिकारी, कोषाध्यक्ष राममाया राना र सदस्यहरुमा विपिन अधिकारी, ठाकुरप्रसाद आचार्य, भुपेन्द्र पौडेल, सुवास अधिकारी, राजेन्द्रमणि पौडेल, टिकाराम अर्याल, विष्णुप्रसाद भट्टराई र यामबहादुर राना रहेका छन् ।

भेलाले भवीष्मा हुने राष्ट्रिय सम्मेलनका लागि १४ जना प्रतिनिधि/पर्यवेक्षक समेत छनोट गरेको छ । राष्ट्रिय सम्मेलनका प्रतिनिधि/पर्यवेक्षकहरुमा अर्जुन भण्डारी, ताराराज खनाल, राजेन्द्र तिवारी, चन्द्रमणि आचार्य, याम बहादुर राना, बाबुराम शर्मा, मित्रमणि सुवेदी, विपिन अधिकारी, नविन अधिकारी, यामबहादुर पौडेल क्षेत्री, प्रेम शर्मा, चेतनारायण सुवेदी, उदयराज घिमिरे, टिकाराम अर्याल र विष्णुप्रसाद भट्टराई रहेका छन् ।

भेलालाई सम्बोधन गर्दै एकीकृत ने.क.पा. (माओवादी) का केन्द्रीय सल्लाहकार कोमलनाथ बरालले प्राध्यापकहरुको मुल जिम्मेवारी समाज रुपान्तरणमा जनसमुदाय लाई दिशानिर्देश गर्ने भएको बताए । भेलामा नेता बरालले भने, 'प्राध्यापक संगठन विशुद्ध पेशागत संगठन मात्र होइन, यसको वैचारिक भूमिका छ, क्रान्तिकारी प्राध्यापकहरुले समाज र जनतालाई दिशानिर्देश गर्न सक्नुपर्छ ।' पृथ्वीनारायण क्याम्पस पश्चिम क्षेत्रको प्राज्ञिक थलो भएको भन्दै नेता बरालले 'पोखरालाई लाहुरे र पर्यटकको शहर होइन, अगगामी चेत बोक्ने प्राज्ञिकहरुको थलो बनाउन जोड दिए । अर्को एक प्रसङ्गमा नेता बरालले राजनीतिले नै समाज र राष्ट्रको समग्र क्षेत्रको नेतृत्व गर्ने भएकाले शान्ति, संविधान र समृद्धिका लागि अगगामी राजनीतिक विचार र व्यवस्थाको विजय हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा एकीकृत माओवादी कास्कीका उपाध्यक्ष गंगाप्रसाद पोखरेलले समाज परिवर्तनको आन्दोलनमा बुद्धिजीवी हरुको भूमिकालाई सही अर्थमा परिचालन गर्न सक्नुपर्नेमा जोड दिए । उनले भने,'बुद्धिजीवी वर्गले नै आन्दोलनको निर्णायक प्रारम्भ गर्दैन, तर कुनै पनि आन्दोलनको विजयका लागि बुद्धिजीवी वर्गको भूमिका निर्णायक नै हुन्छ ।' कार्यक्रममा नेपाल राष्ट्रिय प्राध्यापक संगठनका केन्द्रीय सचिवालय सदस्य हुतराज शर्माले राजनीतिमा विश्व दृष्टिकोणको सवाल निर्णायक हुने भन्दै प्राध्यापकहरुले क्रान्तिकारी विश्वदृष्टिकोण निर्माणका लागि पार्टी र नेताहरुलाई खबरदारी गर्नुपर्नेमा जोड दिए । शर्माले 'सर्वहाराबर्गीय विश्वदृष्टिकोण, आचरण र नैतिकताले मात्र जनताको सेवा गर्न सम्भव हुने भन्दै बर्गीय पक्षधरता महत्वपूर्ण हुने बताए । भेलामा कमल ढकाल, नेत्रप्रसाद चापागाई, क्षितिज सापकोटा, यादवराज उपाध्याय लगायतका वक्ताहरुले बोलेका थिए । एकाइ अध्यक्ष हुतराज शर्माको अध्यक्षतामा सम्पन्न भेलामा एकीकृत माओवादीका जिल्ला समिति सदस्य मनहरि तिमिल्सिना, पोखरा विश्वविद्यालयका रजिष्टार प्रा.डा. मानबहादुर केसी, प्रा.डा. विश्व श्रेष्ठ, सहायक क्याम्पस प्रमुख डा.यामबहादुर पौडेल क्षेत्री लगायतको आतिथ्यता रहेको थियो ।

साधारणसभा हुँदै

पोखरा १० साउन ।

मगर भाषा प्रतिष्ठान कास्की शाखाको प्रथम साधारणसभा आगामी भदौ ७ गते हुने भएको छ । शाखाको शनिवार सम्पन्न बैठकले त्यस्तो निर्णय गरेको प्रतिष्ठानका शाखा संयोजक निर्मल सिंजालीमगरले जानकारी दिए । साथै, सो बैठकले साधारणसभा अघि साधारण सदस्यता वितरण कार्यलाई तीव्रता दिने निर्णय पनि गरेको छ । लामो समयसम्म साधारणसभा सम्पन्न नभएकोमा विधान बमोजिम गनुपर्ने वार्षिक साधारणसभासँगै प्रथम साधारणसभा गर्न लागेको संयोजक सिंजालीले जानकारी दिए ।

मगर भाषाको विकासका लागि पहल गर्ने उद्देश्यले स्थापित प्रतिष्ठानले हालसम्म मातृभाषा कविता महोत्सव, मातृभाषामा रचना वाचन, अन्तरक्रिया लगायतका कार्यक्रम सम्पन्न गरिसकेको छ ।

पोखरा लेडी जेसीजद्वारा अचार बनाउने तालिम प्रदान

गोल्डेन न्युज संवाददाता
पोखरा १० साउन ।

पोखरा लेडी जेसीजले वर्ष २०१४ को जेसीज सप्ताहान्त (जेसीज विकइन्ड) कार्यक्रम अन्तरगत शनिवार पोखरामा व्यवसायिक अचार बनाउने तालिमको आयोजना गरिइएको छ । महिलालाई आत्मनिर्भर र व्यवसायिक बनाउन उद्देश्यले सप्ताहान्तको दोस्रो दिन शनिवार व्यवसायिक अचार बनाउने तालिमको आयोजना गरिइएको थियो । तालिममा सहभागी ३० जना महिलाहरुको सहभागीता रहेको थियो । तालिमको सञ्चालन तथा फलफूल पशोधन प्रालिका सञ्चालक समेत रहनुभएका पराजुलीले पोखरा लेडी जेसीजले आयोजना गरेको यो तालिम प्रशंसनिय भएको बताए ।

त्यस्तै टोल विकास संस्था वडा नं. ९ का अध्यक्ष उत्तम जोशीले पोखरा लेडी जेसीजले गरेको यो अचार बनाउने तालिम सान्दर्भीक भएको बताउँदै यस्ता कार्यक्रम वडा वडा सम्म पुऱ्याउनुपर्नेमा जोड दिए । कार्यक्रममा पोखरा लेडी जेसीजका राष्ट्रिय कार्यकारी उपाध्यक्ष संगीता पौडेल, प्रशिक्षार्थीद्वय रामघाट आमा समूहका जानुका अधिकारी, गौतक बुद्ध आमा समूहका माया खत्री आत्मनिर्भर बनाउने हर्दा सिप सिक्न सबैलाई आग्रह गर्नुभयो । विन्ध्यवासिनी अचार उद्योग तथा फलफूल पशोधन प्रालिका सञ्चालक प्रमिला सुवेदीले र स्वागत मन्तव्य पार्वती पाण्डेले राखेकी थिइन । विभिन्न आमा समूह र टोल विकास संस्थाका ७० जना महिलाहरुको सहभागीता रहेको तालिमको सहजीकरण मिना पराजुली र विष्णु पराजुलीले गरेकी थिइन । कार्यक्रमको पार्वती पाण्डेले संयोजन गरेकी थिइन । यसैगरी जेसीज सप्ताहान्तको अन्तिम दिन भोलि आइतबार दिउँसो वास्तुशास्त्र ज्ञान कार्यक्रमका साथै सप्ताहान्तको समापन गरिने अध्यक्ष गुरुङले जानकारी दिएका छन् । यर्कक्रमको संयोजन विनिता सापकोटा र ्नु थापाले गर्नेछिन् ।

आदर्श प्रगति टोलको साधारणसभा

पोखरा १० साउन ।(गोल्डेन)

लेखनाथ ८ शिशुबामा अवस्थीत आदर्श प्रगती टोल विकास संस्थाले आफ्नो स्थापनाको आठौं साधारण सभा शनिवार सम्पन्न गरेको छ । कार्यक्रममा संस्थाकी कोषाध्यक्ष बुद्धिमाया भुजेलले संस्थाको आय-व्यय विवरण प्रस्तुत गरेकी थिइन् । सोही कार्यक्रममा बोल्दै प्रमुख अतिथि लेखनाथ नगरपालीका कार्यकारी अधिकृत रामचन्द्र पौडेलले विकासको काममा स्थानीयको प्रतिनिधित्व गराउने संस्था भनेकै टोल विकास संस्था रहेको जानकारी गराए । उनले फोहोर मैला व्यवस्थापनमा अझै पनि नगरपालीकाले सोचे जस्तो प्रगती गर्न नसकेकोले सबैले त्यसमा सहयोग गर्न आग्रह गरेका छन् । संस्थाकी अध्यक्ष गीता अधिकारीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा समाजसेवी हर्क व श्रेष्ठ, वडा नं ७ र ८ का सचिव इन्द्र प्रसाद ढुंगाना, चक्रदेवी सहकारीका सोमलाल कडेल, संस्थाका सदस्य एवं अधिवक्ता खगेन्द्रराज आचार्य, नैकपा एमाले वडा नं ८ का अध्यक्ष विश्वप्रकाश अधिकारी, टोल विकास संस्था वडा नं ८ का अध्यक्ष चिरञ्जीवी तिवारी लागायतले बोलेका थिए । कार्यक्रममा स्वागत मन्तव्य संस्थाका उपाध्यक्ष मोहन सिंह गुरुङले गर्नुका साथै कार्यक्रको सञ्चालन सचिव विश्वनाथ लामिछानेले गरेका थिए ।

कसमस इन्टरनेशनल कलेजमा स्वागत र बिदाई

पोखरा १० साउन ।(गोल्डेन)

कसमस इन्टरनेशनल कलेजमा २०१४ का नव आगन्तुक विद्यार्थीहरुलाई एक समारोहका बीच स्वागत गरिएको छ । कसमस कलेजका संचालन समितिका अध्यक्ष महेन्द्र श्रेष्ठको सभापतित्वमा आयोजित उक्त स्वागत तथा विदाई कार्यक्रममा कलेजका प्रिन्सिपल डा. ध्रुव काकीले स्वागत मन्तव्य राखेका थिए । यसरी नै कलेजका कार्यकारी निर्देशक तेज गुरुङ, काउन्सिलर माइकल न्युटन, वेदनाथ शर्मा लगायतले शिक्षाको महत्व, यसको औचित्य र विशेषता बारे आ-आफ्ना धारणा राख्दै स्वागत गरे । उक्त समारोहमा दुई वर्ष अध्ययन गरिसकेका विद्यार्थीहरु लगायत नव आगन्तुकहरुलाई कसमस समूहका संचालक सदस्यहरु रामजी शर्मा, अन्नद श्रेष्ठ, गिरिप्रसाद गुरुङ, रविन गुरुङ, लगायतकाले अविर, खादा लगाई स्वागत र विदाई भएर जान लागेका विद्यार्थीहरुलाई दोश्रो वर्षका विद्यार्थीहरुले मायाको चिनो प्रदान गरी विदाई गरेका थिए ।

उक्त कार्यक्रम दोश्रो वर्षमा अध्ययरत जेनी गुरुङ, आकाश श्रेष्ठ, टेरिसा गुरुङ र समिना गुरुङले संचालन गरेका थिए । विद्यार्थी छात्राहरुले संचालन गरेको उक्त समारोहमा छात्र-छात्राहरुले आ-आफ्ना मन्तव्य सहित संस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । कार्यक्रममा वर्षभरि आयोजित विविध प्रतियोगिताका उत्कृष्ट विजेता विद्यार्थीहरुलाई प्रमाणपत्र र मेडल प्रदान गरिएको थियो । उक्त समारोहमा दोश्रो वर्ष अध्ययरत विद्यार्थीहरुको तर्फबाट अञ्जली बिजुच्छे, नव आगन्तुकहरु को तर्फबाट विक्रम आचार्य र विदाई भएर जानेको तर्फबाट विवेक श्रेष्ठले मन्तव्य प्रस्तुत गरेका थिए ।

एकसय ८७ जनाको मुटु परीक्षण

पोखरा १० साउन ।(गोल्डेन)

नेपाल हृदय रोग प्रतिष्ठान कास्की शाखाको रजत महोत्सवको अवसरमा आयोजित निःशुल्क मुटु परीक्षण कार्यक्रममा १ सय ८७ जनाले मुटु परीक्षण गराएका छन् । गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसन र नेपाल हृदय रोग प्रतिष्ठान कास्कीद्वारा संयुक्त रुपमा आयोजित कार्यक्रममा १ सय ८७ जनाले मुटुको निःशुल्क परिक्षण गराएका हुन । कार्यक्रममा अटो मेकानिकल वर्क्स एशोसिएसनमा आवद्ध मजदुरहरुलाई लक्षित गरी आयोजना गरिएको उक्त शिविरमा १ सय ८७ जनाले मुटुको निशुल्क परिक्षण गरिएको नेपाल हृदय रोग प्रतिष्ठान कास्की शाखाका अध्यक्ष डाक्टर माधव बाबु तिवारीले जानकारी दिए । शिविरमा सहभागी १ सय ८७ मध्ये ४३ जनाको ईसिजी गरिएकोमा १९ जनाको मुटुमा समस्या देखिएको पाइएको छ । मुटुको समस्या देखिएको १९ जनाका लागि आगामी दिनमा अन्य उपचारका लागी सहयोग गरिने समेत सचिव नरेन्द्र वास्तोलाले जानकारी दिए ।

घर विक्रीमा
गण्डकी अस्पताल, माटेपानी, शितलादेवी, फूलबारी, ढिकालेथर वरपर घर-घडेरी चाहिएमा ।
सम्पर्क: ९८०६७९१६८०
९८१४१४४३४३

तुरुन्त खानेपानी चाहिएमा
मेनेजर: ९८४६५२१३७७
अफिस: ०६१-४६६२७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गार्डे-१५, पोखरा

निःशुल्क कम्प्युटर तालिम
यस Green plus को सहयोगमा Informatics & High Mount computer इन्स्टिच्युटमा निःशुल्क कम्प्युटर शिक्षा संचालन भैरहेको छ । (छनोटमा नपरेकालाई ६० प्रतिशत छुट दिइएको छ ।
Informatics computer
सृजनाचोक, पोखरा-८
061-229471(UTL), 9846041617
High Mount computer
विन्ध्यवासिनी, पोखरा-२
061-527435, 9846566480

खानेपानी चाहिएमा
मिनरल वाटर र ज्यार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।
सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँडोचाचौक, बागर-१, फोन : ०६१-५३९०६०
९८५६०३७६६६

सटर भाडामा
भुईतलाको २ सटर होलसेल तथा खुद्रा विक्रेताका लागि अति उपयोगी
स्थान : कुमारी बैंकको ठीक पछाडि, मेन लाइनमा पर्ने
सम्पर्क: ९८५६०३६९५१
९८४६१२६९५१

सुनौलो एफएममा ज्योतिष जागरण
प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभूल्नुहोला ।
सुझावका लागि :
वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी ।
मोवाइल : ९८४६०३०९१४

घडेरी विक्रीमा
पोखरा-४, गैह्रापाटबाट तेर्सापट्टी निस्कने भित्रि पिच बाटोमा ६६ हात मोहडा र ४२ हात पिछाडि भएको घडेरी विक्रीमा छ ।
नोट : टुक्रा नरेर पनि विक्री गर्न सकिनेछ ।
सम्पर्क: ९८४६०७६६००
९८१६९१०४३७०

चाया, पोतो र डण्डिफोर Bye Bye
चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने
बही Orginal Korean Cosmetic Product पाइन्छ ।
साथमा मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपालालाई ५ मिनेटमा नै काली बनाउने
महिनामा ने १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार ।
Skin Test गरिन्छ ।
ढाड, कम्मर, हात खुट्टाका जोर्पेसको दुखाइ कम गर्ने
म्यांट्रिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
बाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
बिहानी ब्युटी ट्रेडर्स
भिप्लेढुङ्गा, पोखरा-४, फोन: ९८४६१५४१८८, ०६१-५२४५५४
(मल्ल इम्पोरियमको अगाडि डा कम्प्लेक्स भन्दा इई घर तल)

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वस्तरीय रंगरोगनका लागि सम्पर्क पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसुलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

विदेश जानेहरूका लागि सुवर्ण अवसर
दुबई र कतारको Group-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गाई तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु निःशुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :-
शतप्रतिशत उत्तीर्ण गराउन सफल
आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने ।
१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल
अन्तरवार्ता भइरहेको छ ।
सम्पर्क फेवा सेक्युरिटी एण्ड क्लर्क सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुल्तिनाय विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स
सटर नं. ३०, फोन:- ०६१-५४०२१२, मो. ९८४६०-४१६१२

STUDY IN DENMARK
❖No IELTS/TOFEL
❖Gap no problem
❖Course Language & Culture
❖100% Visa Sucess
❖Limited seat only
❖Low tuition fee
Hurry up !
Contact
Career Makers Education Pvt.Ltd.
Panthigalli, Chipledhunga, Pokhara-4
Tel: 061-523454, 9846040874

शोभा भगवतीदेखि पुरानो धारासम्म सरसफाई

गोल्डेन न्यूज संवाददाता
पोखरा १० साउन ।

गैर सरकारी संस्था किल्न अप नेपालको आयोजना पोखरा रानीपौवा क्षेत्रमा शनिवार सरसफाई सम्पन्न गरिएको छ । पोखरा उपमहानगर पालिका, मिसन वेस्ट प्रालि, जगत जननी महिला समूह, वेस्ट पोइन्ट स्कूल र नेपाल मानव धर्मको विशेष सहयोगमा शोभा भगवतीदेखि पुरानो धारासम्म सरसफाई गरिएको हो ।

किल्न अप नेपाल पोखराकी कार्यक्रम संयोजक रचना कडेलले बातावरण सफा राख्न सके सबैलाई राम्रो हुने भन्दै आफ्नो टोल सफा राख्न आफै वरिपरि पर्नेमा जोड दिइन । सबैको सहयोगको आवश्यक छ, तपाईहरुको साथ पाए हामीले यस कार्यलाई अभियानको

रुपमा अघि बढाउन सकिने उनले बताइन । उनले सरसफाई कार्यक्रमलाई अभियानको रुपमा लैजाने र पोखरा-११ लाई एक उदाहरणीय बडा बनाउने रचनाले प्रतिबद्धता व्यक्त गरिन् । मिसन वेस्ट प्रालिका प्रबन्धक यमबहादुर दमाईले 'फोहोरलाई मोहोर' मा परिणत गर्न सिकाउँदै कुहिने र नकुहिने फोहोरलाई छुटाछुटै राख्न आग्रह गरे ।

प्रबन्धक दमाईले भने, 'कुहिने फोहोरलाई हामीले कम्पोस्टिङ गर्न सकिन्छ, र नकुहिने फोहोरलाई छुट्याएर बेची पैसा आर्जन गर्न सकिन्छ ।' यसरी जम्मा गरेको फोहोर उनको संस्थाले किल्ने गरेको समेत उनले जानकारी दिए ।

जगत जननी महिला समूह उपाध्यक्ष पार्वती बराल, समूह अन्तर्गत रहेको समन्वय समितिकी अध्यक्ष बबावली शाक्यले सरसफाइ अभियानलाई आफ्नै संस्थाले अघि बढाउने प्रतिबद्धता जाहेर गरेका छन् । सरसफाईमा २० जना विद्यार्थीसहित सहभागि भएका वेस्ट पोइन्ट स्कूलका सह-प्राचार्य शिवलाल रिमालले सामाजिक कार्यमा यसरी नै आफ्नो विद्यालयले सहयोग गर्ने बताए । कार्यक्रममा किल्न अप नेपाल पोखराका स्वमसेवक सुमन राई, दुर्गा जोशी, यज्ञप्रसाद अधिकारी, कृष्ण श्रेष्ठ र आरती श्रेष्ठको सक्रिय सहभागिता रहेको थियो । उक्त क्षेत्रमा लगभग २ हजार किलो ग्राम फोहोर संकलन गरिएको किल्न आप नेपाल पोखराले जनाएको छ ।

विकृति विसंगति न्युनिकरणका लागि छलफल

पोखरा १० साउन ।

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र कालिकाले विकृति विसंगति न्युनिकरणको लागि विभिन्न संघसंस्थाहरुबीच अन्तरक्रिया गरेको छ । कालिका गाविसमा स्थापना भएका विभिन्न संघसंस्थाबीच अन्तरक्रिया मार्फत विकृति विसंगति न्युनिकरणका विषयमा छलफल गरेको हो । संस्थाका अध्यक्ष राजेश भण्डारीको सभापतित्वमा भएको अन्तरक्रियामा विभिन्न संघसंस्थाहरुको भूमिकाका विषयमा छलफल भयो ।

अन्तरक्रियामा भण्डारीले सामुदायिक सेवा केन्द्र र स्थानिय संघसंस्था, पेशाकर्मी, उद्योगी व्यवसायी, राजनितीकर्मी तथा स्थानियवासीको सहकार्यमा कालिका गाविसलाई कास्की जिल्लामै नमुना गाविसको रुपमा विकास गर्नुपर्ने बताए । उनले विकृति विसंगति एवं मंदिरा मुक्त समाज बनाउने उद्देश्यका साथ जनचेतना फैलाउने र त्यस्ता कार्यलाई निरुत्साहित पार्दै लगिने र यसमा सबै पक्षको सहयोग तथा सहकार्यको आवश्यकता रहेको बताए । कार्यक्रममा कालिका गाविस सचिव शोभाखर ढकालले कालिका गाविसलाई विकृति विसंगति, मंदिरा एवं लागूऔषध मुक्त सुन्दर र शान्त बनाउन आफ्नो व्यक्तिगत र सचिवको हैसियतले हरतरहको सहयोग रहने बताए । यसका लागी समाजमा रहनुहुने सबै नागरिक, बुद्धिजीवी वर्गको सहयोगको आवश्यकता रहने बताए । यसैगरी विशेष अतिथि सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समितिका महासचिव विमल बहादुर कार्की जिल्ला समन्वय समितिको तर्फबाट कालिका सामुदायिक सेवा केन्द्रको हरेक सामाजिक कार्यमा सदा सदा सहयोग र साथ रहने बताए ।

उपाध्यक्ष डाल्डावेदी भुजेलको स्वागत मन्तव्य तथा अघौ कालिका युवा क्लबका विकल्प रानाभाटको समाज सुधारको अभियानमा युवाहरुको पूर्ण सहयोग र प्रतिबद्धता सहित शुभकामना मन्तव्य राखेका कार्यक्रममा निवर्तमान अध्यक्ष केदारनाथ अधिकारी, नेपाल रेडक्रस सोसाईटी कार्यटोली प्रमुख सुनिल त्रिपाठी, कालिका केबुलका अध्यक्ष सुर्य बहादुर खड्काले सामुदायिक प्रहरी सेवा केन्द्रको कार्यको प्रशंसा गर्दै सहयोगको लागी प्रतिबद्धता जनाएका थिए भने उक्त कार्यक्रममा उपस्वास्थ्य चौकीका दिपा वराईली, रेडक्रस सोसाईटीका राजेश घिमिरे, नेपाली कांग्रेस गाउं ईकाई कमिटिका सभापति राजेन्द्र प्रसाद त्रिपाठी, नेकपा एमालेका निर्मल दियाली सुनार, नेकपा एमाओवादी का अध्यक्ष एकबहादुर कार्की, जनज्योती उच्च माध्यमिक विद्यालयका प्राचार्य माधव प्रसाद पौडेलले सामुदायिक सेवा केन्द्रले शुरु गरेको कार्यको प्रशंसा गर्दै सबै पक्षले कालिका गाविसलाई विकृति विसंगती मुक्त बनाउन प्रतिबद्धता जनाएका थिए ।

(निरोज बजगाई/ विद्यार्थी पत्रकार)

न्यूरोड रोटरी र बाबा फाउण्डेशनद्वारा वृक्षारोपण

गोल्डेन न्यूज संवाददाता
पोखरा १० साउन ।

रोटरी क्लब अफ पोखरा न्यूरोड, रोट्याक्ट क्लब अफ न्यूरोड पोखरा र बाबा फाउण्डेसन नेपालको संयुक्त आयोजनामा शनिवार वृक्षारोपण कार्यक्रम गरियो । रोटरी डिष्ट्रिक्ट ३२९२ को वार्षिक योजना तथा रोटरी क्लब अफ पोखरा न्यूरोडको वार्षिक कार्यक्रम अनुसार पोखरा ११ मा रहेको शिवशक्ति उच्च माबि र पोखरा ७ मासबारमा रहेको श्रीकृष्ण माविको हातामिश्र वृक्षारोपण गरिएको हो ।

छुट्टाछुट्टै विद्यालयमा आयोजित उद्घाटन कार्यक्रममा कार्यक्रमका सभापति रोटरी क्लब अफ पोखरा न्यूरोडका अध्यक्ष दीलिपराज श्रेष्ठले रोटरीले शिक्षा, स्वास्थ्य र वातावरणको क्षेत्रमा विश्वभरि कार्यक्रम गरिरहेको प्रसंग उल्लेख गरे । साथै रोटरीले नेपालमा सन् २०१७ सम्म नेपाल सरकारसँग सहकार्य गरी साक्षर नेपालको अभियान सचालन गरिरहेको र विद्यालयमा गरिएको वृक्षारोपण कार्यक्रमले वातावरण क्षेत्रका साथसाथै गहै गुणस्तरीय शिक्षाको अभियानमा समेत साथ दिने बताए । त्यस्तै रोट्याक्ट क्लब अफ न्यूरोड पोखराका अध्यक्ष संजिव पौडेलले रोटरी अभियान, रोट्याक्ट र वृक्षारोपण कार्यक्रमको महत्वका बारेमा आफ्ना भनाइ राखे ।

कार्यक्रमका संयोजक रोटरी क्लब अफ पोखरा न्यूरोडमा उपाध्यक्ष दुबराज वास्तोलाले कार्यक्रमको उद्देश्य माथि प्रकाश पारे । शिवशक्ति माविमा भएको कार्यक्रमका अवसरमा शिवशक्ति माबि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधवप्रसाद वास्तोला, प्राचार्य शम्भुराज वास्तोलाले आफ्ना भनाइ राखेका थिए । यसैगरी श्रीकृष्ण माविमा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दण्डराज शर्मा, प्राचार्य केदारनाथ अधिकारीले रोटरी अभियानलाई धन्यवाद दिदै कार्यक्रममा विद्यालयमा समेटिन पाएकोमा हार्दिक धन्यवाद ज्ञापन गरेका थिए ।

